अनुसूची १

# आर्थिक वर्ष २०८०/८१ तेस्रो त्रैमासिक अवधिको कुल गार्हस्थ्य उत्पादन

## प्रकाशित मितिः २०८१/०३/२५

### १. परिचय

गतिशिल अर्थतन्त्रको विविध पक्षसँग सम्बन्धित आर्थिक सूचक जस्तैः उत्पादन, लगानी, उपभोग, बचत आदि निरन्तर परिवर्तन भइरहन्छन्। वार्षिक राष्ट्रिय लेखाका अनुमानले यसरी निरन्तर परिवर्तन भइरहने अर्थतन्त्रको छोटो अवधिको वृद्धि वा संकुचनलाई समेट्न सक्दैन। विश्वमा छोटो अवधिमा हुने परिवर्तनलाई समेटी अर्थतन्त्रको दिशाबोध गर्नका लागि त्रैमासिक राष्ट्रिय लेखाका अनुमान तयार गरी प्रयोग गर्ने प्रचलन रहेको छ। नेपालको सन्दर्भमा राष्ट्रिय तथ्याङ्क कार्यालयले अर्थतन्त्र भित्रको यस किसिमका विभिन्न आर्थिक सूचकमा आएको छोटो अवधिको परिवर्तनलाई समावेस गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा सिद्धान्तबमोजिम त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गर्दै आएको छ। नेपालले विगत एक दशकदेखि निरन्तर रूपमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गरी प्रकाशन गर्दै आएको छ। यही क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले आ.व. २०६७/६८ लाई आधार वर्ष मानेर आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको कुल गार्हस्थ्य उत्पादनको अनुमान सार्वजनिक गरेको छ। प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ९० दिन भित्रमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक गर्ने कार्यालयको अभ्यास बमोजिम चालु आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको अनुमान सार्वजनिक गरिएको छ। यस क्रममा अघिल्ला त्रैमासिकहरूमा प्रकाशित राष्ट्रिय लेखाका अनुमानहरूलाई उपलब्ध तथ्याङ्कका आधारमा अद्यावधिक समेत गरिएको छ।

### २. त्रैमासिक राष्ट्रिय लेखा अनुमान गर्ने विधि

त्रैमासिक कुल गार्हस्थ्य उत्पादनका अनुमान तयार गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूसँग सम्बन्धित सूचकहरूका आधारमा प्रथमतः मौसमी प्रभाव सहितका

त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (Seasonally Unadjusted Quarterly Gross Domestic Product) अनुमान गर्ने गरिएको छ। तत्पश्चात अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रचलनमा ल्याएको सफ्टवेयर अरिमा (X-12 ARIMA) को प्रयोग गरी मौसमी प्रभाव समायोजित कुल गार्हस्थ्य उत्पादनका (Seasonally Adjusted Quarterly Gross Domestic Product) अनुमान तयार गरिदै आएको छ। यी अनुमानका आधारमा त्रैमासिक वृद्धिदरहरु तयार गरिएको हुन्छ। तालिका १ मा प्रस्तुत गरिएका मौसमी प्रभाव सहितका मूल्य अभिवृद्धिदर (Growth rate of value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो आर्थिक वर्षको सोही त्रैमासिक अवधिको विवरणसँग तुलना गरी प्रस्तुत गरिएका छन्। यो तालिकामा प्रस्तुत गरिएका वृद्धिदरबाट अघिल्लो आर्थिक वर्षको त्रैमासिक अवधिबाट लगत्तै त्यसपछिको आर्थिक वर्षको सम्बन्धित त्रैमासिक अवधिमा कति प्रतिशले आर्थिक वृद्धि भयो भनेर जानकारी प्राप्त हुन्छ। अर्कोतर्फ, तालिका २ मा प्रस्तुत गरिएका त्रैमासिक राष्ट्रिय लेखाको मौसमी प्रभाव समायोजित अनुमानको वृद्धिदर सँगैको अघिल्लो त्रैमासिक अवधिको विवरणसँग तुलना गरी तयार गरिएको छ। यो तालिका अघिल्लो त्रैमासिक अवधिबाट पछिल्लो त्रैमासिक अवधिमा कति प्रतिशतले वृद्धि भयो भनेर बुझ्नको लागि उपयोगी हुन्छ।

## ३. मुख्य सारांश

तालिका १ अनुसार मौसमी प्रभाव समायोजन नगरिएको त्रैमासिक कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक अवधिमा २.२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा गहुँ,आलू, नगदे बाली तथा फलफूल उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन्। यसका अतिरिक्त निर्माण, उद्योग, व्यापार, खानी तथा उत्खनन बाहेकका

अन्य क्षेत्रहरूको धनात्मक वृद्धिले गर्दा समग्र अर्थतन्त्र सकारात्मक वृद्धि तर्फ उन्मुख रहेको हो ।

त्यसैगरी तालिका २ का आधारमा मौसमी प्रभाव समायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो अवधिमा ०.८ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। चालु आ.व.को दोस्रो त्रैमासिक अवधिको तुलनामा तेस्रो त्रैमासिक अवधिमा कुल १८ ओटामध्ये छ ओटा औद्योगिक क्षेत्रहरूमा आएको संकुचनको प्रभाव समग्र कुल गार्हस्थ्य उत्पादनमा देखिएका कारण अर्थतन्त्रमा सामान्य वृद्धि देखिएको हो।

## ४. मौसमी प्रभाव असमायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन

*(आ.व. २०७९/८० को तेस्रो त्रैमासिक अवधिको तुलनामा आ.व. २०८०।८१ को तेस्रो त्रैमासिकको वृद्धि)*

चालु आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक र अघिल्लो आ.व. २०७९/८० को तेस्रो त्रैमासिक अवधिबीच क्षेत्रगत तुलनागर्दा प्रस्तुत गरिएका अर्थतन्त्रका कुल १८ ओटा औद्योगिक वर्गीकरणमध्ये १४ ओटा औद्योगिक क्षेत्रहरूको कुल मूल्य अभिवृद्धि वृद्धिदर धनात्मक रहेको छ (तालिका १)। जसमध्ये बिद्युत तथा ग्याँस उद्योगसँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै (३७.१%) रहेको छ भने आवास तथा भोजन सेवाको १९.१ प्रतिशत वृद्धिदर सहित दोस्रो धेरै वृद्धि हुने औद्योगिक क्षेत्र रहेको छ। यी औद्योगिक क्षेत्रलाई पछ्याउँदै यातायात तथा भण्डारण क्षेत्रले १५.० प्रतिशत वृद्धिदर कायम गरेको छ।

त्यसैगरी अन्य सेवाका क्रियाकलापहरु( कला, मनोरन्जन लगायतका क्रियाकलापहरु) को वृद्धिदर (८.३%) भएको देखिन्छ । यसका साथै निक्षेप तथा कर्जामा भएको वृद्धिसँगै वित्तीय तथा विमा सेवाको वृद्धिदर (६.१%) भएको देखिन्छ। अर्थतन्त्रमा सबैभन्दा बढी

हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर तीन प्रतिशत हुने प्रारम्भिक अनुमान छ। गहुँ,आलु, नगदे बाली तथा फलफूल उत्पादनमा भएको वृद्धिले यसको वृद्धिदरमा सकारात्मक प्रभाव पारेको हो। अर्को तर्फ यो त्रैमासिकमा निर्माण, खानी तथा उत्खनन, ब्यापार तथा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर ऋणात्मक रहन गएको छ। प्रस्तुत गरिएका १८ ओटा औद्योगिक क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर र समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका १ मा दिइएको छ। विगत चार वटा आर्थिक वर्षहरूको त्रैमासिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदरलाई चित्र १ मा प्रस्तुत गरिएको छ। जसअनुसार कहिले बढ्ने, कहिले घट्ने गरेर नेपालको अर्थतन्त्र वृद्धिले एउटै दिशा तय गरिरहेको देखिदैन।

## ५. मौसमी प्रभाव समायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन


*(आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक अवधिको तुलनामा आ.व. २०८०/८१ को तेस्रो त्रैमासिकको वृद्धि)*

मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई हेर्दा चालु आर्थिक वर्ष (२०८०/८१) को दोस्रो त्रैमासिक अवधि (कार्तिक, मंसिर र पुष) को तुलनामा चालु आर्थिक वर्ष (२०८०/८१) को तेस्रो त्रैमासिक अवधि (माघ, फाल्गुन र चैत्र) को प्रारम्भिक अनुमान अनुसार प्रस्तुत गरिएका कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये १२ ओटाको उत्पादन बढेको देखिन्छ भने ६ ओटा उद्योगको उत्पादनमा घटेको देखिन्छ (तालिका २)। वित्तीय तथा विमा सेवाको सबैभन्दा बढी ८.३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। यो क्षेत्रलाई पछ्याउँदै कला, मनोरन्जन लगायतका क्रियाकलापहरुको वृद्धिदर २.५ प्रतिशत रहने अनुमान गरिएको छ। यो अवधिमा सबैभन्दा बढी हिस्सा रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर ऋणात्मक (-०.४ प्रतिशत) हुने र समग्र अर्थतन्त्रको वृद्धिदर ०.८ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। ऋणात्मक वृद्धि हुने कुल छ ओटा औद्योगिक क्षेत्रहरूमध्ये सबैभन्दा धेरै खानी तथा उत्खननको ऋणात्मक वृद्धिदर (-६.६%) रहेको छ। दोस्रो त्रैमासिक अवधिको तुलनामा तेस्रो

त्रैमासिक अवधिमा निर्माणका कार्यले गति लिन नसक्दा यस क्षेत्रको वृद्धि ऋणात्मक रहन गएको हो।

चित्र १ मौसमी प्रभाव असमायोजित आर्थिक वृद्धिदर

*(अघिल्लो आ.व. त्रैमासिक र लगत्तै पछिल्लो आ.व.को सम्बन्धित त्रैमासिक अवधिको तुलनात्मक वृद्धिदर)*



अनुसूची २

**Table 1: Growth Rate of Seasonally Unadjusted (Year on Year) National Quarterly Gross Value Added and Gross Domestic Product by Economic Activities (at basic price, 2010/11)**

| ISIC | Industrial Classification | 2077/78 | | | | 2078/79 | | | | 2079/80 | | | | 2080/81 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2020/21 | | | | 2021/22 | | | | 2022/23 | | | | 2023/24 | | |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture, forestry and fishing | 3.6 | 1.1 | 1.6 | 5.3 | 2.9 | 3.5 | 2.7 | 0.4 | 3.1 | 2.5 | 3.9 | 1.8 | 2.3 | 3.4 | 3.1 |
| B | Mining and quarrying | -9.6 | -8.8 | 9.3 | 39.9 | 11.1 | 3.9 | 10.8 | 9.7 | -4.0 | 1.2 | -2.7 | 9.2 | 11.0 | 2.1 | -4.8 |
| C | Manufacturing | -5.3 | -2.4 | 20.0 | 31.6 | 6.8 | 4.6 | 5.6 | 10.3 | -3.2 | -4.3 | -1.9 | 1.7 | 1.6 | -2.8 | -2.0 |
| D | Electricity, gas, steam and air conditioning supply | 18.5 | 10.2 | -3.9 | -10.6 | 28.4 | 37.5 | 72.4 | 88.5 | 37.3 | 12.9 | -21.8 | 33.1 | 1.9 | 17.6 | 37.1 |
| E | Water supply; sewerage, waste management | 2.7 | 1.7 | 1.7 | -1.0 | -2.8 | 0.9 | 7.5 | 8.4 | 2.2 | 4.0 | 2.8 | 4.1 | 2.4 | 1.2 | 0.4 |
| F | Construction | -4.2 | -7.8 | 9.1 | 42.4 | 7.2 | 3.0 | 10.3 | 7.4 | 4.5 | -16.8 | -5.5 | 13.5 | 6.9 | -0.7 | -11.2 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 2.6 | -4.9 | 14.0 | 15.5 | -10.9 | 11.0 | -1.9 | 42.2 | -0.4 | -14.2 | -1.9 | 7.1 | -0.8 | 0.8 | -2.7 |
| H | Transportation and storage | 30.1 | 4.7 | -7.6 | -5.9 | 10.0 | 7.7 | 0.1 | -1.4 | 2.6 | 1.5 | 0.8 | 0.4 | 1.3 | 14.1 | 15.0 |
| I | Accommodation and food service activities | -46.4 | -12.9 | 140.6 | 126.3 | 21.9 | 4.8 | 3.7 | 29.8 | 55.4 | -0.1 | 5.2 | 24.9 | 11.5 | 29.1 | 19.1 |
| J | Information and communication | -2.2 | -0.5 | 6.1 | 12.4 | 7.2 | 3.6 | -1.5 | 7.8 | 7.2 | 4.9 | 4.6 | 0.0 | 3.1 | 3.0 | 1.5 |
| K | Financial and insurance activities | 4.6 | 2.4 | 4.1 | 6.9 | 19.7 | 9.7 | -7.2 | 10.1 | 16.4 | 11.0 | 21.1 | -13.7 | 9.9 | 8.1 | 6.1 |
| L | Real estate activities | 2.8 | 2.8 | 2.7 | 2.8 | 1.7 | 1.7 | 1.7 | 1.7 | 2.2 | 2.2 | 2.2 | 2.2 | 3.0 | 3.0 | 3.0 |
| M | Professional, scientific and technical activities | 1.1 | 1.4 | 2.0 | 1.5 | 2.7 | 3.9 | 2.8 | 4.5 | 3.7 | 3.3 | 4.1 | 4.6 | 4.5 | 3.4 | 4.2 |
| N | Administrative and support service activities | 3.7 | 3.3 | 1.8 | 0.5 | -2.1 | 0.8 | 5.1 | 2.5 | 3.7 | 5.0 | 4.5 | 6.9 | 5.9 | 3.1 | 3.5 |
| O | Public administration and defence; compulsory social security | -3.3 | -2.1 | 2.5 | 17.3 | 8.0 | 7.9 | -0.6 | 1.7 | 4.6 | 5.2 | 12.2 | 1.3 | 5.1 | 5.7 | 4.7 |
| P | Education | -3.0 | -0.7 | 2.5 | 18.4 | 10.1 | 6.5 | -1.7 | 4.3 | 3.0 | 6.9 | 3.7 | 2.2 | 0.7 | 0.8 | 1.5 |
| Q | Human health and social work activities | 14.3 | 2.3 | 7.2 | 2.9 | 0.4 | 13.7 | 4.6 | 9.9 | 11.1 | 6.3 | 4.9 | 4.1 | 4.7 | 3.7 | 5.3 |
| R-T | Other Services | -0.2 | 1.1 | 3.5 | 9.4 | 2.1 | 4.3 | 5.9 | 5.6 | 9.8 | 3.2 | 4.1 | 3.5 | 2.1 | 8.8 | 8.3 |
| | Gross Domestic Product (GDP) at basic price | 1.9 | -0.9 | 6.0 | 11.2 | 3.7 | 6.0 | 2.0 | 9.4 | 4.7 | -1.1 | 2.5 | 3.5 | 3.0 | 3.8 | 2.2 |

अनुसूची २

**Table 2: Seasonally Adjusted (Quarter on Quarter) Growth Rate of National Quarterly Gross Value Added and Gross Domestic Product by Economic Activities (at basic price, 2010/11)**

| ISIC | Industrial Classification | 2077/78 2020/21 | | | | 2078/79 2021/22 | | | | 2079/80 2022/23 | | | | 2080/81 2023/24 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture, forestry and fishing | 3.2 | -0.9 | 1.7 | 2.1 | -0.4 | 0.6 | -0.1 | 0.7 | 1.4 | 0.8 | 0.6 | -0.6 | 1.2 | 2.6 | -0.4 |
| B | Mining and quarrying | 32.9 | 5.6 | 0.6 | -0.5 | 5.5 | -1.6 | 6.9 | -1.2 | -7.3 | 4.0 | 1.2 | 11.9 | -5.9 | -3.7 | -6.6 |
| C | Manufacturing | 28.6 | 3.6 | 1.3 | -3.8 | 6.1 | 2.0 | 1.1 | -0.8 | -4.8 | 1.4 | 1.9 | 2.4 | -3.9 | -2.2 | 1.4 |
| D | Electricity, gas, steam and air conditioning supply | -3.1 | 3.8 | -6.6 | -5.6 | 38.8 | 12.7 | 21.0 | -0.9 | 0.7 | -6.0 | -15.7 | 65.3 | -22.6 | 9.4 | -0.5 |
| E | Water supply; sewerage, waste management | 1.9 | -1.0 | -1.6 | -1.1 | 1.6 | 2.6 | 3.4 | -0.4 | -2.3 | 3.6 | 1.5 | 0.6 | -2.5 | 1.6 | 0.4 |
| F | Construction | 35.3 | 12.4 | -3.2 | -3.6 | 2.0 | 9.9 | 2.2 | -7.8 | 0.8 | -9.7 | 12.4 | 9.9 | -4.3 | -14.7 | -0.8 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 75.0 | -10.1 | 6.6 | -30.6 | 35.9 | 11.4 | -6.4 | -2.1 | -2.1 | -4.3 | 6.9 | 4.5 | -6.5 | -2.3 | 2.2 |
| H | Transportation and storage | 2.4 | -1.9 | 0.1 | 1.0 | 8.3 | -3.6 | -4.3 | 2.9 | 6.3 | -5.1 | -1.8 | 2.6 | 5.9 | 7.1 | -0.2 |
| I | Accommodation and food service activities | 57.3 | 36.4 | 20.1 | -24.1 | -1.8 | 20.6 | 11.9 | -4.0 | 15.8 | -17.2 | 13.3 | 12.1 | 4.7 | 0.5 | 2.0 |
| J | Information and communication | 6.9 | 3.8 | 5.7 | -4.0 | 1.5 | 0.6 | 0.8 | 4.8 | 0.5 | -1.0 | 0.5 | -0.2 | 3.6 | -0.8 | -1.0 |
| K | Financial and insurance activities | -15.5 | 10.7 | 13.7 | -2.9 | -1.8 | 0.7 | -2.4 | 19.7 | -5.1 | -2.9 | 11.8 | -17.4 | 5.2 | 6.8 | 8.3 |
| L | Real estate activities | 0.3 | 0.5 | 0.7 | 0.7 | 1.8 | 0.6 | 0.7 | 0.7 | -1.3 | 0.6 | 0.7 | 0.7 | 1.0 | 0.6 | 0.7 |
| M | Professional, scientific and technical activities | 0.0 | 0.4 | 1.0 | 0.0 | 1.5 | 1.5 | 0.4 | 1.0 | 0.7 | 1.4 | 1.2 | 1.0 | 0.7 | 0.6 | 1.7 |
| N | Administrative and support service activities | 1.8 | -0.8 | -1.1 | 0.5 | -0.3 | 1.9 | 2.6 | -1.7 | 1.3 | 2.9 | 1.6 | 0.8 | 0.6 | 0.3 | 1.5 |
| O | Public administration and defence; compulsory social security | 8.9 | 1.5 | 4.7 | 2.4 | -0.7 | 1.2 | -3.7 | 5.6 | 1.6 | 1.7 | 2.6 | -4.0 | 4.8 | 2.2 | 1.6 |
| P | Education | 11.8 | 3.0 | 7.9 | -3.9 | 3.0 | -0.6 | 0.0 | 2.2 | 1.3 | 2.9 | -2.7 | 1.0 | -0.4 | 2.6 | 0.3 |
| Q | Human health and social work activities | 5.9 | -7.4 | 8.5 | -2.9 | 2.6 | 4.7 | 0.4 | 2.5 | 3.0 | 0.2 | 0.6 | 1.9 | 1.7 | 1.0 | 2.3 |
| R-T | Other Services | 3.9 | 1.8 | 0.7 | 3.5 | -1.6 | 2.7 | 2.0 | -1.2 | 7.8 | -1.8 | -0.6 | 0.4 | 1.9 | 2.7 | 2.5 |
| | Gross Domestic Product (GDP) at basic price | 14.5 | 0.2 | 3.3 | -5.7 | 6.0 | 3.2 | -0.7 | 1.0 | 0.2 | -1.6 | 2.6 | 1.8 | -0.8 | 0.5 | 0.8 |

Q1 = Shrawan- Ashwin (Mid. July- Mid. October)
Q2 = Kartik- Poush ( Mid. October- Mid. January)
Q3 = Magh- Chaitra (Mid. January- Mid April)
Q4 = Baishakh- Ashadh (Mid. April- Mid July)